# प्रशासन सुधार सुझाव समितिको प्रतिवेदन, २०७०
# सारसंक्षेप




प्रशासन सुधार सुझाव समिति
सिंहदरबार
नेपाल

# प्रशासन सुधार प्रतिवेदन, २०७० को सारसंक्षेप

## पृष्ठभूमि

नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार गठित उच्चस्तरीय प्रशासन सुधार सुझाव समिति, २०७० ले करिब सातसय पृष्ठको प्रतिवेदन २०७० चैत्र २० गते सम्माननीय प्रधानमन्त्री श्री सुशील कोइराला समक्ष समितिका मा. अध्यक्ष श्री काशीराज दाहालले एक समारोहका बीच प्रस्तुत गर्नु भयो ।




(सम्माननीय प्रधानमन्त्री समितिको प्रतिवेदन ग्रहण गर्नु हुदै)

उक्त समारोहमा माननीय उपप्रधानमन्त्रीद्वय वामदेव गौतम र प्रकाशमान सिंह तथा माननीय अर्थ मन्त्री डा. रामशरण महत र माननीय सामान्य प्रशासन मन्त्री लालबाबु पण्डित समेतको उपस्थिति थियो । साथै, नेपाल सरकारका मुख्य सचिव लीलामणि पौड्याल लगायतका नेपाल सरकारका उच्च प्रशासकहरुको पनि उपस्थिति थियो ।



(सम्माननीय प्रधानमन्त्री समक्ष समितिका संयोजकद्वारा समितिको प्रतिवेदनको सारसंक्षेप प्रस्तुत)

# प्रतिवेदनको सारसंक्षेप

## १. समितिको गठन

सार्वजनिक प्रशासनलाई समयानुकूल, गतिशील, जनउत्तरदायी र परिणाममुखी बनाई सुशासन र पारदर्शिता कायम गर्दै जनताको आकांक्षा अनुरूप सेवाको गुणस्तर र प्रभावकारिता अभिवृद्धि गर्न एवम् सार्वजनिक प्रशासनमा के कस्ता कानूनी, नीतिगत र संरचनागत व्यवस्था गर्नु उपयुक्त हुन्छ भन्ने सम्बन्धमा अध्ययन गरी सुझाव पेश गर्न नेपाल सरकार (मन्त्रिपरिषद्)को निर्णयानुसार देहाय बमोजिम उच्चस्तरीय प्रशासन सुधार सुझाव समिति गठन भएको थियो ।

प्रशासकीय अदालतका अध्यक्ष मा. श्री काशीराज दाहालको अध्यक्षतामा गठित यस समितिमा प्रशासकीय अदालतका सदस्य मा. श्री कुमार योञ्जन तामाङ, राष्ट्रिय योजना आयोगका सचिव श्री युवराज भुसाल, गृह सचिव श्री नवीनकुमार घिमिरे, कानून सचिव श्री भेषराज शर्मा,

सामान्य प्रशासन सचिव श्री दुर्गानिधि शर्मा, अर्थ सचिव श्री शान्तराज सुवेदी, स्थानीय विकास सचिव श्री शान्तबहादुर श्रेष्ठ सदस्य रहनु भएको थियो भने सामान्य प्रशासन मन्त्रालय प्रशासन सुधार तथा आन्तरिक व्यवस्था महाशाखाका सहसचिव श्री मुकुन्दराज पन्थी सदस्य-सचिव हुनुहुन्थ्यो ।

## २. समितिको कार्यनिर्देश

सार्वजनिक सेवालाई बढी जवाफदेही, नतिजामूलक, पारदर्शी र विकासमैत्री बनाउन विद्यमान ऐन कानूनमा सुधार गर्न आवश्यक विषयमा विश्लेषणात्मक सुझाव दिन देहाय बमोजिमको कार्य निर्देश तोकिएको थियो :-

१. समग्र सार्वजनिक प्रशासनलाई जनमुखी र जनउत्तरदायी बनाउन विद्यमान साङ्गठनिक संरचना, कानून र नीतिगत विषयमा गरिनुपर्ने सुधार ।
२. निजामती सेवालाई व्यावसायिक, गुणस्तरीय र सेवाग्राहीप्रति जिम्मेवार बनाउन गरिनुपर्ने संस्थागत र जनशक्तिमा सुधार ।
३. निजामती सेवाका कर्मचारीको बढुवा, वृत्ति विकास, सरूवालाई अनुमानयोग्य बनाउन र नियन्त्रण प्रणालीलाई व्यवस्थित बनाउने सम्बन्धमा वर्तमान कानुनी व्यवस्था र प्रक्रियामा गरिनुपर्ने सुधार ।
४. ट्रेड यूनियनको भूमिका र तिनमा गरिनुपर्ने सुधार ।
५. दुर्गम क्षेत्रमा सेवाप्रवाहलाई सुनिश्चित गर्न गरिनुपर्ने प्रक्रिया र सुधार ।
६. निजामती सेवामा विविधता व्यवस्थापन (Diversity Management) सम्बन्धी सुधार ।
७. निजामती कर्मचारीको कार्य सम्पादन मूल्याङ्कनलाई वस्तुगत र वैज्ञानिक बनाउन मापन संयन्त्रको विकास ।
८. सेवा करार सम्बन्धमा सुधार ।
९. सार्वजनिक प्रशासनलाई नतिजामूलक बनाउन अपनाउनु पर्ने नीतिगत सुधार ।

## ३. समितिले अवलम्बन गरेको विधि

समितिले प्रतिवेदन तयारीको क्रममा सार्वजनिक प्रशासनका सम्बन्धित सरोकारवालाहरूलाई सुझाव दिन सार्वजनिक सूचना आह्वान गरे बमोजिम विभिन्न निकाय, संघ/संस्था एवम् व्यक्तिहरूबाट सुझाव सङ्कलन गर्नुका साथै सम्बद्ध सरोकारवालाहरू एवम् विभिन्न विज्ञहरू समेतबाट सुझाव सङ्कलन गरिएको थियो । सार्वजनिक प्रशासनका

क्षेत्रका अनुभवी व्यक्तिहरूसँग अन्तरक्रिया, गोष्ठी गरी राय लिने कार्य समेत गरिएको थियो । सेवाग्राहीहरूसँग परामर्श गरी पृष्ठपोषण लिन जिल्लागत एवम् क्षेत्रगत रूपमा गोष्ठी र अन्तरक्रिया कार्यक्रमहरू गरी सुझाव सङ्कलन गरिएको थियो । उक्त अन्तरक्रिया एवम् परामर्शबाट प्राप्त सुझावहरू विश्लेषण गरी विगतमा प्रशासन सुधार सम्बन्धमा गठित आयोगहरूले प्रदान गरेका सुझावहरूको अध्ययन गर्नुका साथै सार्वजनिक प्रशासनसँग सम्बन्धित नवीनतम दृष्टिकोणका लागि विभिन्न पुस्तकहरू तथा अन्य सन्दर्भ सामग्रीहरू समेतको अध्ययन र विश्लेषण गरी प्रस्तुत प्रतिवेदन तयार गरिएको छ ।

## ४. प्रतिवेदनमा समेटिएका विषयहरू

प्रस्तुत प्रतिवेदनमा निष्कर्ष र सुझावसहित २३ वटा परिच्छेद रहेका छन् । प्रतिवेदनमा सार्वजनिक प्रशासनको अवधारणा र विकास, नेपालमा प्रशासन सुधारका क्षेत्रमा भएका प्रयासहरू, प्रशासन सुधारका समकालीन विषयहरू, समितिमा प्राप्त सुझाव/प्रतिक्रियाको विश्लेषण, विद्यमान प्रशासनिक सङ्गठनको वस्तुस्थिति विश्लेषण समेत समावेश गरिएको छ । त्यस्तै राज्यका अङ्गहरूको कामकारवाही र सुधार, मन्त्रालयको सङ्ख्या, सङ्गठन र कार्यक्षेत्रको पुनरावलोकन, संवैधानिक निकायहरूको सुदृढीकरण, निजामती सेवा र सुधार, सार्वजनिक संस्थानको अवस्था र सुधार, सुशासन, आर्थिक प्रशासन सम्बन्धी, स्थानीय स्वायत्त शासन सम्बन्धी, सूचना तथा सञ्चार प्रविधि, दुर्गम क्षेत्रमा सेवा प्रवाह, निजामती सेवामा विविधता व्यवस्थापन, कर्मचारी ट्रेड युनियन र सुधार सम्बन्धी विषय समेटिएको छ । यसैगरी प्रतिवेदनमा प्रशासकीय सुधारका सन्दर्भमा नेपालको परराष्ट्र नीति, सुरक्षासम्बन्धी व्यवस्था, तालिम/प्रशिक्षणसम्बन्धी व्यवस्था, सङ्घीय संरचनामा हुनसक्ने प्रशासनिक स्वरूपको समेत विश्लेषण गरी निष्कर्ष र सुझावहरू प्रस्तुत गरिएको छ ।

## ५. सुझावहरू

मुलुकमा एउटा राजनीतिक व्यवस्थाको अन्त्य भइसकेको र अर्को राजनीतिक व्यवस्थाको संवैधानिक प्रत्याभूति भईनसकेको सङ्क्रमणकालीन अवस्थामा असल परम्परा र अभ्यासद्वारा सुशासनलाई अर्थपूर्ण बनाउन राजनीतिक प्रतिबद्धताका साथ प्रशासनिक संरचनाको पुनरावलोकन, पुरानो कानुनी व्यवस्था र समयसापेक्ष नीतिगत व्यवस्थाहरूमा सुधार आवश्यक छ । असल परम्पराको सुरुवात र विकास सबैभन्दा पहिले सबैले आफैबाट प्रारम्भ गर्नु जरूरी छ । बढ्दो

भ्रष्टाचार, विधि नमान्ने प्रवृत्ति, सार्वजनिक जवाफदेहिताको अभाव, अस्थिर राजनीतिक अवस्था, राज्य व्यवस्थाको अप्रभावकारिता, सुस्त सेवाप्रवाह जस्ता स्थिति रहेभएसम्म सुशासन कायम गर्न कठिन हुन्छ । मुलुकमा सुशासन कायम गर्ने विषयलाई राज्यको प्राथमिकताभित्र राखी निश्चित कार्ययोजनासहित त्यसको कार्यान्वयन नै पहिलो आवश्यकता हो । लोकतन्त्रको सुदृढीकरणका निम्ति प्रतिनिधित्व स्थापित गर्ने निर्वाचन महँगो हुँदै जाँदा सही प्रतिनिधित्व हुन सक्दैन । जसको परिणाम सक्षम र प्रभावकारी विधायिका नभएसम्म सुशासन सहज नहुने भएकाले त्यसमा सुधार गर्नेतर्फ पहिलो राजनीतिक प्रतिबद्धता सुशासनको निम्ति महत्वपूर्ण शर्त हो भन्ने कुरालाई राजनीतिक शक्तिहरुले मनन् गरी सुधारको अभियान प्रारम्भ गर्नु आवश्यक छ ।

राज्यको संरचना भित्र विना औचित्य फेरबदल भइरहने साङ्गठनिक ढाँचा, सङ्गठनभित्र देखिएका असन्तुलित र बोझिलो जनशक्ति, कमजोर अनुशासन, प्रभावहीन तालिम, अवैज्ञानिक मूल्याङ्कन पद्धति, विशिष्टीकृत ज्ञानका आधारमा छनौट गर्नेभन्दा सामान्य जाँचको प्रक्रियाबाट गरिने पदपूर्ति, जिम्मेवारी पन्छाउने प्रवृत्ति, जवाफदेहिताको संस्कृतिभन्दा दण्डहीनताको संस्कृति, झाङ्गिदै गएको संस्थागत भ्रष्टाचार, राष्ट्रियता र देशभक्तिभाव लगायत राज्यको वैधानिक शक्तिमा समेत क्षयीकरण हुँदै गएको सोच र कार्यशैली जस्ता सम्वेदनशील समस्याहरू रहेको सन्दर्भमा त्यसलाई बेलैमा सम्बोधन गर्नु आवश्यक छ । यस पृष्ठभूमि भित्र सार्वजनिक प्रशासनलाई जनमुखी र जनउत्तरदायी बनाउन विद्यमान साङ्गठनिक संरचना, कानुन र नीतिगत विषयमा गरिनुपर्ने सुधारका विषयहरू समेटिनु आवश्यक छ। सार्वजनिक सेवालाई व्यावसायिक, गुणस्तरीय र सेवाग्राहीप्रति जिम्मेवार बनाउन गरिनुपर्ने संस्थागत र जनशक्ति सुधारका विषयलाई प्रतिवेदनमा सम्बोधन गरिएको छ। समष्टिगत रूपमा प्रतिवेदनमा समेटिएका विषयहरूको मुख्य सार संक्षेप यसप्रकार रहेका छन् :-

- सार्वजनिक प्रशासनलाई जनमुखी, परिणाममुखी, राजनीतिक हस्तक्षेपबाट मुक्त बनाई सक्षम र व्यावसायिक बनाउन सार्वजनिक प्रशासनका आधारभूत मूल्य मान्यताहरू संविधानमा नै सुनिश्चित गर्ने, यसैगरी सुशासनका आधारभूत मान्यता, संवैधानिक निकायहरूलाई प्रभावकारी बनाउन आवश्यक पर्ने व्यवस्था, स्थानीय स्वायत्त शासलाई सबलीकरण गर्ने आधारभूत विषयहरु, सुरक्षा निकायको सुदृढीकरण, बलियो परराष्ट्र नीति लगायतका कतिपय

सार्वजनिक प्रशासनसँग जोडिएका आधारभूत विषयहरूलाई संविधानमा नै समावेश गर्ने ।

- सरकारको संरचनामा असन्तुलित कार्य विभाजन र कामको दोहोरोपना तथा सामञ्जस्यताको वेमेल जस्ता अवस्थाको अन्त्य गरी प्रशासनिक संरचना चुस्त बनाउन विद्यमान मन्त्रालयको संख्या बढीमा १८ वटा कायम गर्ने र मुलुक सङ्घात्मक संरचनामा जाँदा प्रादेशिक सरकारको कार्यक्षेत्रको विस्तारले केन्द्रीय तहमा बढीमा १२ वटा मात्र मन्त्रालय कायम गर्नु उपयुक्त हुने, यसैगरी मन्त्रालयले नै गर्ने खालका जिम्मेवारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई तोकी बोझिलो बनाउनुको सट्टा प्रधानमन्त्री कार्यालयलाई अनुगमन, सुपरीवेक्षण, निरीक्षण, नियन्त्रण र समन्वयकारी भूमिकामा केन्द्रित गर्ने व्यवस्था गर्ने ।
- विज्ञान प्रविधिको विकास, सञ्चारका साधनहरूको अवलम्बन तथा कामको दोहोरोपन र सामञ्जस्यता जस्ता कारणले क्षेत्रीय कार्यालयहरूको औचित्य पुनरावलोकन गरी क्षेत्रीय कार्यालयहरू लगायतका अनावश्यक संरचनाहरू खारेज गर्ने, अध्ययन र औचित्य विना नयाँ संरचनाहरू सिर्जना नगर्ने, दरबन्दीहरू कार्यबोझको आधारमा गर्ने गरी विद्यमान दरबन्दी व्यवस्थाको पुनरावलोकन गर्ने, सरकारी निकायहरूका बीचमा कार्यक्षेत्रमा देखिएको दोहोरोपना हटाउने, सर्वेक्षण र औचित्यता विना अनावश्यक संरचनाको स्थापना नगर्ने, विभिन्न गठन आदेश समेतको माध्यमबाट विभिन्न किसिमका बोर्ड, समिति, प्रतिष्ठान, केन्द्र जस्ता तदर्थ प्रकृतिका संरचना निर्माणमा राजनीतिकरण गरिने र सार्वजनिक खर्च बढाउने समेतका कारण यस्ता संरचना गठनलाई प्रोत्साहन नगरी निरूत्साहित गर्ने ।
- न्यायपालिकाको स्वतन्त्रताको संरक्षण गर्दै न्यायपालिकाको जनशक्तिको क्षमता अभिवृद्धिका साथै जवाफदेहीको सिद्धान्तलाई आत्मसात गर्ने गरी कानुनमा सुधार गर्ने,न्याय सम्पादनसँग सम्बन्धित कानुनहरुलाई समयसापेक्ष सरलीकरण र आधुनिकिकरण गर्ने, मुलुकको आफ्नो कानुनी इतिहासको पहिचान राख्न मुलुकी ऐन नामको ट्रेडमार्कलाई नमासी त्यस भित्रका अन्य कानुनी व्यवस्थाको सामयिक सुधार र परिमार्जन गर्दै नयाँ कानूनहरुको निर्माण गर्ने ।
- संवैधानिक अङ्गहरूको सुदृढीकरण र क्षेत्रगत रूपमा विस्तारको साथै निजी क्षेत्रमा हुने भ्रष्टाचारलाई कानुनको दायरामा ल्याउने गरी भ्रष्टाचार नियन्त्रण सम्बन्धी कानुनको पुनरावलोकन गर्ने, भ्रष्टाचारका

स्वरूपमा आएको परिवर्तनलाई सम्बोधन गर्न सक्ने गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको अनुसन्धान क्षमता विकास गर्ने, महालेखा परीक्षकलाई लिमा घोषणा पत्र र मेक्सिको घोषणापत्रले लिएका आधारभूत सिद्धान्तको आधारमा कार्यात्मक र संगठनात्मक स्वतन्त्रताको संवैधानिक सुनिश्चितता गर्दै क्षेत्रगत रूपमा कार्यालयको विस्तार गर्ने, नेपाल सरकारसँग परामर्श गरी निर्वाचन आयोगलाई निर्वाचन मिति घोषणा गर्ने अधिकार प्रदान गर्नुका साथै निर्वाचन आयोगले आफ्नै जनशक्तिबाट निर्वाचन अधिकृत तोक्ने क्षमताको विकास गर्ने, निर्वाचनसम्बन्धी एकीकृत कानुन तर्जुमा गर्ने, मतदाता परिचयपत्रलाई राष्ट्रिय परिचयपत्रसँग आबद्ध गर्ने, लोकसेवा आयोगलाई सार्वजनिक प्रशासनको अनुसन्धानमूलक निकायको रूपमा स्थापित गरी क्षेत्र विस्तार गर्ने, राष्ट्रिय मानवअधिकार आयोगलाई सुदृढीकरण गर्ने, महान्यायाधिवक्तालाई सरकारको कानुनी सल्लाह एवम् मुद्दा मामिलाको नीतिगत भूमिकामा केन्द्रित गरी प्रशासनिक झन्झटबाट मुक्त गर्ने ।

- राष्ट्रिय योजना आयोग विधायिकी ऐनद्वारा गठन गर्ने, आयोगका उपाध्यक्ष र सदस्यहरूको नियुक्तिका लागि विशेष सिफारिस समिति गठन गरी सो समितिको सिफारिसमा मात्र नियुक्ति गर्ने व्यवस्था गर्ने, योजना तर्जुमा गर्दा सामाजिक न्याय र भौगालिक सन्तुलन जस्ता विषयलाई प्राथमिकता दिई वस्तुगत मापदण्डका आधारमा तर्जुमा गर्ने ।

- निजामती सेवामा बढुवालाई जेष्ठतामा आधारित (Batch Promotion) बनाई नकारात्मक सूचीमा नपरेसम्म वरिष्ठताका आधारमा पदोन्नति गर्ने, सरूवा, बढुवा र वृत्ति विकासलाई वैज्ञानिक र वस्तुगत मापदण्डमा आधारित बनाई अनुमानयोग्य बनाउने, सार्वजनिक प्रशासनमा उत्तराधिकार योजनालाई अविलम्ब लागू गर्ने, मुख्यसचिव तथा सचिव नियुक्तिको मापदण्ड पुनरावलोकन गरी निर्णय क्षमता र नेतृत्व क्षमता, आर्थिक प्रशासन र योजनाको अनुभव, स्वच्छ छवि र उच्च नैतिक आचरण जस्ता स्पष्ट आधारहरू निर्धारण गरी बढुवा समितिले रिक्त पदको २५ प्रतिशत संख्या थप गरी सिफारिस गरेकाबाट सचिव नियुक्ति गर्ने, सरूवाको समयावधि र आधारहरूको पुनरावलोकन गरी शैक्षिक सत्र सापेक्ष बनाउने, सुत्केरी बिदालाई अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल बनाउने, कर्मचारीको कार्यमूल्याङ्कन गर्दा कार्यालयको उपलब्धिका

आधारमा कर्मचारीको मूल्याङ्कन गर्ने नयाँ परिपाटीको व्यवस्था गर्ने, कार्यालयको अनुशासन कायम राख्न समय-समयमा आकस्मिक निरीक्षण र नियमित सुपरिवेक्षणको प्रभावकारी व्यवस्था गर्ने, सार्वजनिक विदाको पुनरावलोकन गर्ने ।

- सचिवको पदस्थापना र सरुवालाई वस्तुनिष्ठ र पारदर्शी बनाउने, मन्त्रालयका सचिवलाई जुनसकै बखत सरूवा गरी राख्ने प्रवृत्तिले कामको प्रभावकारितामा ह्रास आउने कुरालाई मध्यनजर गरी प्रधानमन्त्रीको अध्यक्षतामा सामान्य प्रशासन मन्त्री र मुख्य सचिव समेत रहेको विशेष संयन्त्रले कार्यक्षमता, अनुभव र विषयवस्तु समेतका आधारमा सचिवको पदस्थापन र सरूवा गर्ने व्यवस्था गर्ने ।

- नेपाली नागरिकको सालाखाला आयु वृद्धि तथा निजामती सेवामा अन्य देशले अवलम्बन गरेको अभ्यास र निवृत्तिभरणको दायित्व समेतलाई दृष्टिगत गरी उमेरको  हदको विद्यमान व्यवस्थामा पुनरावलोकन गरी निजामती सेवामा अवकाशको उमेर ६० वर्ष कायम गर्ने, कुनै पदमा खास अवधिभित्र पनि बढुवा नहुनेहरुलाई सुविधासहित स्वेच्छिक अवकाशको व्यवस्था गर्ने, खुला प्रतियोगिताबाट नीतिगत तहमा गरिएको पूर्तिको अभ्यासले अपेक्षित उपलब्धि हासिल हुन सकेको नदेखिँदा उच्च पदमा छड्के प्रवेशको व्यवस्था पुनरावलोकन गरी अन्तरसेवा प्रतिष्पर्धाको व्यवस्था गर्ने ।

- कर्मचारी ट्रेड युनियनको हालसम्मको अभ्यासले सार्वजनिक प्रशासनमा पारेको प्रभावको मूल्याङ्कन गरी विषयगत एवम् व्यावसायिक रूपमा मात्र ट्रेड युनियन सञ्चालनको व्यवस्था गर्ने, ऐनले परिकल्पना गरे बमोजिमको ट्रेड युनियनको निर्वाचन गरी एउटा मात्र आधिकारिक ट्रेड युनियनको व्यवस्था गर्ने, ट्रेड युनियनका पदाधिकारीहरूको आचारसंहिता तयार गरी लागू गर्ने र ट्रेड युनियनमा आबद्ध कर्मचारीहरूको नामावली सार्वजनिक गरी पारदर्शी गर्ने तथा राजनीतिक दलसँगको आबद्धता भएको पाइएमा कानुनी कारवाही गर्ने ।

- कार्य विवरण, पेन्सन कोष जस्ता कतिपय व्यवस्था निजामती सेवा ऐन नियममा समेटिएका तर कार्यान्वयनमा नआएका व्यवस्थाहरूको प्रभावकारी रूपमा कार्यान्वयन गरी सार्वजनिक सेवालाई उत्तरदायी र जिम्मेवार बनाउने, निजामती सेवा ऐन/नियमको उद्देश्य र प्रावधानहरूको प्रभावकारी रूपले कार्यान्वयनमा जोड दिन लोकसेवा

आयोगको भूमिका विस्तार गरी सवल बनाउने र सार्वजनिक प्रशासनलाई उत्तरदायी एवम् परिणाममुखी बनाउन व्यवस्थापन परीक्षणलाई अनिवार्य बनाउने र सामान्य प्रशासन मन्त्रालयको भूमिका प्रभावकारी बनाई व्यवस्थापन परीक्षकलाई समेत जिम्मेवार बनाउने ।

- दुर्गम क्षेत्रमा काम गर्ने कर्मचारीहरूलाई अवसरमा प्राथमिकता दिने र सेवा प्रवाहलाई प्रभावकारी बनाउने, भौगोलिक क्षेत्रको पुनरावलोकन गर्ने, दुर्गम क्षेत्रमा निश्चित अवधि काम नगरी वढुवा योग्य नहुने व्यवस्था गर्ने, लामो समय दुर्गम क्षेत्रमा कार्य गर्ने कर्मचारीहरूलाई दुर्गम क्षेत्र पुरस्कार प्रदान गर्ने, दुर्गम भत्ता वृद्धि गर्ने, दुर्गम क्षेत्रका उत्पादनको बजारीकरण र एकीकृत बस्ती विकास कार्यक्रम सञ्चालन गर्ने, त्यस्ता ठाउँहरूमा दुर्गम बसोवासका जनतालाई ल्याई पुनर्वासको व्यवस्था गर्ने ।

- समावेशीकरणको अभ्यासबाट प्रशासनयन्त्रमा परेको प्रभावको बारेमा समुचित विश्लेषण गरी लक्षित वर्गले मात्र लाभ लिन सक्ने गरी निजामती सेवामा विविधता व्यवस्थापन (Diversity Management) गर्ने, एक परिवारबाट एकजना र एउटै व्यक्तिले एक पटकभन्दा बढी समावेशीकरणको लाभ लिन नपाउने गरी मापदण्ड पुनरावलोकन गर्ने ।

- जनताका आधारभूत सरोकारका विषयका रूपमा रहेका शिक्षा, स्वास्थ्य, बजार व्यवस्थापन, सार्वजनिक सेवाप्रवाह, वातावरण संरक्षण, चुरे विनासको रोकथाम, प्राकृतिक सम्पदामा गम्भीर प्रभाव पारेको क्रसर उद्योग लगायत वातावरणमा असर पार्ने अन्य उद्योग र प्राकृतिक सम्पदाको अनुचित दोहन जस्ता विषयलाई नियमन र नियन्त्रण गर्न त्यसलाई प्राथमिकतापूर्वक सम्बोधन गर्ने ।

- भ्रष्टाचार विरूद्धको शून्य सहनशीलता विकास गर्न सार्वजनिक ओहोदामा रहेका राजनीतिक व्यक्तित्व र उच्च प्रशासकहरूले पालना गर्नु पर्ने आचरणलाई नियमन गर्न आचारसंहिता बनाई अनुगमनको व्यवस्था सहित लागू गर्ने, त्यस्ता व्यक्तिहरूको सम्पत्ति आवधिकरुपमा सार्वजनिक गर्ने, सम्पत्ति अनुगमन गर्न राष्ट्रिय सतर्कता केन्द्र जस्ता निकायको भूमिकालाई सक्रिय बनाउने, राजस्व चुहावट र त्यस क्षेत्रमा हुने अनियमितता र भ्रष्टाचारलाई रोक्न संरचनागत सुधार सहित क्षमता अभिवृद्धि गर्ने, सार्वजनिक जवाफदेहिता वहन नगरी

राज्यकोष र सार्वजनिक सम्पत्तिको दुरूपयोग भएमा त्यस्तो दुरूपयोग गर्ने वा जिम्मेवारीबाट विमुख हुनेलाई त्यसबाट परेको क्षति व्यक्तिगत रूपमा व्यहोर्नु पर्ने गरी स्पष्ट कानुनी व्यवस्था गर्ने, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐनमा व्यक्तिगत रूपमा जिम्मेवार बनाउने केही सीमित व्यवस्था भए पनि यसलाई विस्तार गर्दै सार्वजनिक पदाधिकारीहरूमा उत्तरदायित्वको अभाव रहेको कारण सार्वजनिक निकायहरूबाट सम्पादन गरिने कार्यप्रति लापरवाहीको मात्रा बढिरहेको र यसले सुशासनको अवस्था कमजोर भएकोले गलत रूपमा वा लापरवाहीपूर्वक गरेको कार्यका लागि सार्वजनिक अधिकारीलाई व्यक्तिगत रूपमा उत्तरदायी र जिम्मेवार बनाउने व्यवस्था गरी त्यसलाई कडाईका साथ लागू गर्ने ।

- स्थानीय निकायलाई जनप्रतिनिधिमूलक बनाई जिम्मेवार बनाउन स्थानीय निकायको संरचना र कार्यविधिको पुनरावलोकन गर्ने, यथाशीघ्र स्थानीय निकायको निर्वाचन गर्ने, स्थानीय निकाय सेवा आयोग अविलम्ब गठन गरी स्थानीय निकायमा रहेका कर्मचारीको उचित व्यवस्थापन गर्ने ।
- सार्वजनिक संस्थानहरुको क्षमता अभिवृद्धि गर्ने र राजनीतिक हस्तक्षेपबाट मुक्त गर्न सार्वजनिक संस्थानहरुमा स्वतन्त्र आयोगबाट जनशक्तिको परिपूर्ति गर्ने व्यवस्था गर्ने ।
- स्वास्थ्य र शिक्षा क्षेत्रमा देखिएका अनियमितता र विकृतिको नियन्त्रण गरी मेडिकल कलेजहरूका सम्बन्धन र सञ्चालनको मापदण्डलाई आवश्यकतामा आधारित हुने गरी पुनरावलोकन गर्ने, अत्यावश्यक सेवाहरू सरकारको नियन्त्रण र निगरानीमा सञ्चालन र वितरण गर्ने ।
- राज्यव्यवस्थाप्रति जनविश्वास बढाउन, सामाजिक न्यायको मान्यतालाई मूर्तरूप दिन जेष्ठनागरिक, अपाङ्ग र असक्त एवम् निर्धन वर्गको हितमा निश्चित कार्ययोजना बनाई त्यसको प्रभावकारी कार्यान्वयनद्वारा सामाजिक सुरक्षाको अनुभूति दिने ।
- लोकतन्त्रमा नागरिकले राज्यबाट पाउनुपर्ने न्यूनतम् सेवा सुविधा (सडक, यातायात, टेलिफोन, बिजुली, खानेपानी, सार्वजनिक सरोकारका सूचना समेत) निर्बाध र न्यूनतम शुल्कमा पाउने व्यवस्था गर्ने र त्यस्ता सेवा संस्थान/निगमहरूबाट दिने व्यवस्था गरे पनि

सरकारकले आफ्नो जिम्मेवारी सम्झेर त्यसको प्रत्यक्ष अनुगमनको व्यवस्था मिलाउने ।

- सरकारी स्वामित्वका सम्पत्तिको मस्यौट गरेको, ताल तलैया, खोला नाला, वनजङ्गल, मठ मन्दिर, गुठी, सार्वजनिक तथा ऐलानी जग्गा समेतको सम्पत्ति कसैले गैर कानुनी रूपमा दर्ता गरे गराएको, कब्जा लिए लिन लगाएको वा भोगचलन गरेको विषयमा छानविन गर्न एउटा उच्चस्तरीय अधिकार सम्पन्न छानविन आयोग गठन गरी सो आयोगको सिफारिसमा गैरकानुनी किसिमले सार्वजनिक सम्पत्ति दर्ता गरेकोमा बदर गर्न सक्ने कानुनी व्यवस्था समेत गरी त्यस्तो सरकारी सम्पत्तिको संरक्षण गर्ने व्यवस्था गर्ने, यसैगरी भ्रष्टाचार लगायत विभिन्न मुद्दामा जफत भएका घर, जग्गा, सवारी साधन एवम् अन्य सम्पत्तिको अभिलेख अद्यावधिक राखी त्यस्ता घर जग्गा सरकारी कब्जामा ल्याई प्रभावकारी रूपमा उपयोग गर्ने व्यवस्था गर्ने ।

- प्रशासनलाई चुस्त र सेवा प्रवाहलाई प्रभावकारी बनाउन सार्वजनिक प्रशासनलाई सूचना प्रविधिमैत्री बनाई विद्युतीय शासनको अवधारणालाई आत्मसात गर्ने ।

- आर्थिक वर्षको अन्तिम समयमा खर्च गर्ने कार्यलाई निरूत्साहित गर्ने, प्रचलित कानुनले निर्धारण गरेको प्रक्रिया पूरा गर्ने समयावधि नै नभएको अवस्थामा पनि नयाँ कार्यक्रम एवम् बजेट निकासा गर्ने कार्य हुन नहुने, विद्यमान आर्थिक वर्षको व्यवस्थामा पुनरावलोकन गर्ने, वार्षिक बजेट ल्याउने मिति ऐनमा नै तोकिनु पर्ने, विद्यमान सार्वजनिक खरिद ऐन सार्वजनिक हित अनुकुल र विकासमैत्री नहुँदा सो ऐनमा समसामयिक सुधार गर्नु पर्ने ।

- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, सूचनाको हकसम्बन्धी ऐन, उपभोक्ता हित संरक्षण ऐन लगायत जनताको प्रत्यक्ष चासो र सरोकार गाँसिएका ऐन/कानूनहरूको कार्यान्वयन पक्ष फितलो भई सुशासनको अवस्था सन्तोषजनक नहुँदा सार्वजनिक प्रशासनलाई उत्तरदायी बनाउन त्यस्ता ऐनहरूको प्रभावकारी कार्यान्वयन गर्ने, यसैगरी सुशासनको मान्यता अनुरूप सार्वजनिक निकायको सूचना वर्गीकरण गरी सक्रिय सूचना प्रवाह गर्ने संस्कृतिको विकास गर्ने ।

- सुशासन (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी ऐन, २०६४ मा सीमित व्यवस्था भए पनि सार्वजनिक निकायहरूको काम कारवाहीको प्रभावकारी अनुगमन मूल्यांकन हुन नसक्दा कार्य सम्पादन

नतिजामुखी हुन नसकेको र यसले सार्वजनिक सेवा प्रवाहको अवस्था समेत प्रभावित भएको पाइँदा सबै तहमा कार्य सम्पादनको अनुगमनका लागि अनुगमन संयन्त्र तयार गरी सो कार्यका लागि दक्ष जनशक्ति र पर्याप्त स्रोत साधनको व्यवस्था गर्ने, अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनलाई कार्य सम्पादन मूल्यांकनसँग आबद्ध गर्ने, सो कार्यमा सरोकारवालाहरूको सहभागिता सुनिश्चित गर्ने र गलत रूपमा अनुगमन मूल्याङ्कन गर्नेलाई समेत कडा कारवाही गर्ने कानुनी व्यवस्था गरी जिम्मेवार बनाउने ।

- सुरक्षा निकायको सुदृढीकरण गर्ने, सक्षम र योग्य जनशक्तिलाई सुरक्षा निकायमा आकर्षित गर्न सोही अनुरुपको सेवा शर्तको व्यवस्था गरी स्वतन्त्र आयोगबाट जनशक्तिको परिपूर्तिको व्यवस्था गर्ने, कार्यको विशिष्टिकरण गर्ने, औद्योगिक सुरक्षाको प्रत्याभूतिद्वारा लगानीमैत्री वातावरण श्रृजना गर्ने, परिवर्तित सन्दर्भ अनुसार सुरक्षा व्यवस्थापन गर्नका लागि एकीकृत राष्ट्रिय सुरक्षा र प्रतिरक्षा नीतिको तर्जुमा गर्ने, राष्ट्रिय सुरक्षा परिषद्को संरचनामा पुनरावलोकन गर्ने, सुरक्षासम्बन्धी विद्यमान ऐन कानूनको सुधार र सुरक्षा निकायको सुदृढीकरण, राष्ट्रिय सुरक्षाको महत्वपूर्ण पक्षको रूपमा सीमा सुरक्षा भएकाले राष्ट्रिय सीमाको व्यवस्थापन गर्न द्विपक्षीय वार्ता एवम् सम्वादद्वारा बलिया स्थायी सीमा स्तम्भहरू राख्ने, त्यसको नियमित अनुगमन गर्ने एवम् सीमा सुरक्षा र अनुगमन गर्नेलाई सीमा सम्बन्धी भौगोलिक, ऐतिहासिक सन्धि, सम्झौताको ज्ञान दिने गरी प्रशिक्षित गर्नुपर्ने, कूटनीतिक सेवा, विमानस्थल, सीमा क्षेत्रमा खटिने सुरक्षा निकायहरू, भन्सार, अध्यागमन, हुलाक सेवा, गुप्तचर एवं सतर्कता केन्द्र, वन तथा वन्यजन्तु सुरक्षासम्बन्धी निकायहरूले सीमासम्बन्धी अपराध र सीमा अतिक्रमणमा नियन्त्रणमा समन्वयात्मक रूपमा सक्रिय भूमिका निर्वाह गर्ने व्यवस्था गर्ने, यसैगरी प्रहरी सङ्गठनको क्षमता अभिवृद्धि गरी भरपर्दो र विश्वासिलो फौजदारी न्याय प्रणालीको विकास गर्ने ।

- परराष्ट्रसेवाको क्षमता अभिवृद्धिका साथै कूटनीतिक क्षेत्रले अन्तरराष्ट्रिय जगतमा मुलुकको प्रतिनिधित्व गर्ने हुँदा सो क्षेत्रमा दक्ष र व्यावसायिक व्यक्तिहरूको चयन हुन सक्ने गरी कूटनीतिक प्रतिनिधिहरूका लागि आधारभूत योग्यता निर्धारण गर्ने, कूटनीतिक प्रतिनिधिहरूका लागि आचारसंहिता तर्जुमा गरी लागू गर्ने र विद्यमान परराष्ट्र नीतिको समय सापेक्ष पुनरावलोकन गरी परराष्ट्र क्षेत्रमा सुधार गर्ने, विकशित मुलुकको स्तरोन्नतीको लागि अन्तर्राष्ट्रिय

सम्बन्धलाई मजबुत बनाई राष्ट्रिय विकासमा उपयोग गर्ने आर्थिक एवम् विकास कूटनीतिका उपायहरू अवलम्बन गर्ने ।

- सार्वजनिक सेवा वितरण गर्ने एकाईहरू छरिएर रहेकाले सेवा लिन धेरै झन्झटिलो, खर्चिलो एवम् प्रक्रियामुखी समेत भएको पाइएकोले स्थानीयस्तरदेखि नै सार्वजनिक सेवा वितरण एकाइहरूलाई एकीकृत गरी एउटै द्वारबाट सार्वजनिक सेवा वितरण गर्ने व्यवस्था मिलाउने, यसैगरी सरकारी कार्यालयहरु एउटै परिसरभित्र रहने नीति अपनाइ सोही अनुरुपको कार्य योजना बनाई लागू गर्ने,

- न्यायिक तथा प्रशासकीय निकायबाट भएका फैसला वा आदेशहरूबाट राज्यका सम्पत्तिको रूपमा आएका समग्र सम्पत्तिको लेखाजोखा अभिलेख तथा उपयोगको समेत योजना बनाई आदेश तथा फैसलाको प्रभावकारी कार्यान्वयन गर्ने ।

- सार्वजनिक निकायमा राजनीतिक तवरबाट नियुक्ति हुने पदहरूमा नियुक्त गर्दा राजनीतिक प्रभावबाट मुक्त भएका, समाजमा उच्च छवि भएका योग्य र सक्षम व्यक्तिलाई समावेशिताको आधारमा सिफारिस समिति गठन गरी त्यस्तो समितिले निश्चित मापदण्डको आधारमा नियुक्तिको लागि सिफारिस गरेका व्यक्तिलाई नियुयक्त गर्ने पद्धतिको विकास गर्ने

- गैर सरकारी संघ संस्थाका काम कारवाहीलाई नियमित गर्दै वैदेशिक सहायतालाई राष्ट्रिय आवश्यकतामा केन्द्रित गर्ने गरी निश्चित मापदण्ड तयार गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, राष्ट्रहित र जनताको बृहत्तर हित विपरित सञ्चालित गैरसरकारी संघ संस्थाहरूलाई रोकथाम र नियन्त्रण तथा नागरिक हक अधिकार र राष्ट्रिय विकासमा क्रियाशील संस्थाहरूलाई नियमन गर्ने प्रभावकारी व्यवस्था गर्ने ।

- सार्वजनिक कोषबाट दिइने आर्थिक सहायता, चन्दा, पुरस्कार आदि दुरूपयोग भएकोले त्यसको नियन्त्रण गरी त्यस्तो सहायता पाउनेको विवरण सार्वजनिक गर्ने ।

- परामर्श सेवालाई व्यवस्थित गर्न कार्यविधि तयार गर्ने, स्वार्थ जोडिएको विषयमा परामर्श दिन नपाउने प्रबन्ध गर्ने, सरकारी कार्यक्रममा फजुल खर्च नगर्ने, अनावश्यक रूपमा सल्लाहकार राख्ने व्यवस्थालाई नियन्त्रण गर्ने ।

- सेवा निवृत्त कर्मचारीहरुका लागि निश्चित आचारसंहिता बनाई लागू गर्ने, सेवा निवृत्त अनुभवी उच्च प्रशासक र सम्बन्धित क्षेत्रका विज्ञहरूको रोष्टर तयार गरी अध्ययन अनुसन्धान तथा नीतिगत पुनरावलोकन जस्ता कार्यमा संलग्न गराउने व्यवस्था गर्ने ।

- शरीर मुलुकमा तर मन र सम्पत्ति विदेशमा राख्ने प्रवृत्तिले राष्ट्रियता कमजोर हुँदै गएकाले अन्य देशको आवासीय भिषा लिएर सार्वजनिक पदमा बसेकाहरुलाई छानविन गरी कानुनी कारवाहीको दायरामा ल्याउने व्यवस्था गर्ने ।

- खाद्य तथा पोषण सुरक्षा नीति, खाद्य सम्प्रभुता ऐन र राष्ट्रिय खाद्य तथा पोषण सुरक्षा कार्य योजना जस्ता ऐन कानून र योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।

- सरकारी लिखतको वर्गीकरण गरी मुलुकको राष्ट्रियता र राष्ट्रहित संरक्षण गर्ने समेतका महत्वपूर्ण लिखत र अभिलेखहरू संरक्षणको विशेष व्यवस्था गर्ने ।

- दीगो शान्ति र लोकतन्त्रको सुदृढीकरणका निम्ति सङ्क्रमणकालीन न्यायको मान्यतालाई आत्मसात गरी द्वन्द्व पीडितको समस्या अविलम्ब समाधान गर्ने ।

- निश्चित कार्ययोजना बनाई प्राथमिकताको विषय भित्र राखी लोडसेडिङ्गलाई अन्त्य गर्ने, यसैगरी निश्चित पूर्वाधार तयार गरी व्यवस्थित रूपमा सहरीकरण गर्ने, ट्राफिकको उचित व्यवस्थापन, विद्यमान ऐन कानुनमा समसामयिक सुधार गरी महिलामाथिको हिंसालाई नियन्त्रण गर्न सोही अनुरूपको कानुनी व्यवस्था र संयन्त्र निर्माण गर्ने ।

- सार्वजनिक निकायलाई जवाफदेही बनाई लोकतन्त्रको संस्थागत विकासका निम्ति सूचना प्रवाहको अवस्थालाई सुदृढ गर्न अभिलेख प्रणालीमा सुधार गर्ने, सूचनाको हक राज्यका संरचनाहरुभित्र मात्र सीमित नभई यसले समग्र सामाजिक प्रणाली नै खुला र पारदर्शी बनाउने हुनाले गैर सरकारी, निजी र राजनीतिक क्षेत्रलाई समेत सूचनाको हक कार्यान्वयन गर्न अभिप्रेरित गर्ने र अनुगमन पद्धतिलाई व्यापक बनाउनु पर्ने, यसैगरी संविधानमा अभिव्यक्ति स्वतन्त्रताको पूर्ण प्रत्याभूति, कानुनमा आम सञ्चारको सार्वजनिकीकरण, व्यावसायीकरण र सामुदायीकरणको व्यवस्था, नीति नियम निर्माण

गर्दा सूचनाको हक, अभिव्यक्ति स्वतन्त्रता, पारदर्शिता कायम गरी स्वतन्त्र र निष्पक्ष रुपमा सूचना सम्प्रेषण संस्कृतिको विकास गर्ने ।

- नेपालको अन्तरिम संविधान, २०६३ ले राज्यको पुनरसंरचना गरी मुलुकलाई सङ्घीय संरचनामा रूपान्तरण गर्ने घोषणा गरेको सन्दर्भमा सङ्घीय शासन व्यवस्थामा कर्मचारी प्रशासन व्यवस्थापन गर्दा साझा सेवाको रूपमा राष्ट्रिय निजामती सेवा, केन्द्रमा सङ्घीय निजामती सेवा, प्रदेशमा प्रादेशिक निजामती सेवा र स्थानीय निकायमा स्थानीय निजामती सेवाको विकास गर्ने गरी सोको अध्ययन र कार्ययोजना तर्जुमा गर्नु पर्ने, निजामती सेवा सञ्चालनमा एकरूपता कायम गर्न सबै तहका निजामती कर्मचारी लोक सेवा आयोगको सिफारिसमा मात्र गर्ने, राष्ट्रिय र सङ्घीय सेवामा मुलुकभरका नागरिक योग्य हुने र प्रादेशिक र स्थानीय सेवामा सम्बन्धित प्रदेश र स्थानीय निकायमा स्थायी बासिन्दालाई प्राथमिकता दिने व्यवस्था गर्ने ।

- मुलुक सङ्घीयतामा जाँदा वर्तमान निजामती सेवालाई साझा निजामती सेवामा रूपान्तरण गरी सङ्घीय, प्रादेशिक, स्थानीय सेवाका मिल्दाजुल्दा पदहरूमा समायोजन गर्ने, स्थानीय र प्रादेशिक सेवामा जान आकर्षक आधारहरू निर्धारण गर्ने, सेवाको सुरक्षाको प्रत्याभूति गर्ने, नयाँ सेवाको पहिचान र गठन नहुन्जेल साझा सेवाबाट कर्मचारी खटाउने, सङ्घीयताका सम्बन्धमा राजनीतिक प्रणालीको प्रारूप तय भएपछि आवश्यकता, मितव्ययिता, उत्पादकत्व जस्ता पक्षहरूलाई मनन गरी कर्मचारीहरूको मिलान र समायोजन गर्ने, सेवा चयनका लागि कर्मचारीको इच्छा, अनुभव, उमेर, मातृभाषा, गृह प्रदेश एवम् कार्यदक्षता जस्ता निश्चित आधारहरू निर्धारण गरी कर्मचारीहरूलाई अवसर दिने, समायोजन हुन नसकेका कर्मचारीहरूलाई स्वेच्छिक अवकाश योजनामा सहभागी हुन उत्प्रेरित गर्ने ।

- राज्यप्रतिको खस्किदो वफादारिता, वढ्दो विकृति र विसङ्गति जस्ता समस्याहरुले पार्ने प्रभावको आङ्कलन गरी असल शासन र उत्तरदायित्वपूर्ण व्यवस्थाको विकास गर्न समाजमा नैतिकता, इमान्दारिता एवम् सदाचारको संस्कृतिमा ज्यादै ह्रास आएको विषयप्रति गम्भीर मनन् गर्दै आत्मकेन्द्रित एवम् नाफामुखी प्रवृत्तिलाई निरूत्साहित गरी कर्तव्यमुखी समाजको निर्माण गर्न नागरिक शिक्षालाई अभियानको रूपमा लैजाने ।

- सुझाव कार्यान्वयन कार्ययोजना समेत प्रस्ताव गरिएको प्रस्तुत प्रतिवेदनमा सार्वजनिक प्रशासनको सुधारसम्बन्धी प्रतिवेदनको

कार्यान्वयनको अवस्थाको लेखाजोखा गर्न, आवश्यक निर्देशन दिन र कार्यान्वयनको प्रभावकारिताको मूल्याङ्कन गर्न एक अधिकार सम्पन्न केन्द्रीय संयन्त्रको रूपमा प्रधानमन्त्रीको अध्यक्षतामा "प्रशासन सुधार सुझाव कार्यान्वयन उच्चस्तरीय निर्देशक समिति" गठन गर्ने र उच्चस्तरीय निर्देशक समितिले दिएको नीतिगत निर्देशनमा रही प्रशासन सुधारका सुझावहरूको कार्यान्वयन गर्नका लागि "सुझाव कार्यान्वयन तथा अनुगमन समिति" गठन गर्ने, सो समितिले हरेक तीन-तीन महिनामा आफूले गरेका काम कारवाहीको प्रगती प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र उच्चस्तरीय निर्देशक समितिमा पेश गर्ने व्यवस्था गरी सार्वजनिक प्रशासनलाई उत्तरदायी र जिम्मेवार बनाउने ।

**अन्तमा,**

विश्वव्यापीकरणको प्रभावबाट प्रभावित एक्काइसौं शताब्दीमा गुज्रिरहेको नेपालले भोग्नु परेको आर्थिक, सामाजिक, राजनीतिक समस्याका कारण स्थायी शान्ति र दिगो विकास एवम् आर्थिक सामाजिक रूपान्तरणद्वारा समतामूलक समाज निर्माण गर्न अनेकौं चुनौतीको सामना गरिरहनु परेको छ । यो समस्यालाई सम्बोधन गर्न राज्यको विद्यमान संरचना, जनशक्ति, विद्यमान कानून लगायतका व्यवस्थाहरूमा सामयिक परिवर्तन र पुनरावलोकनको आवश्यकता रहेको छ । सो आवश्यकता परिपूर्ति गरी शासन व्यवस्थालाई नागरिक मैत्री र शासकीय क्रियाकलापहरूमा नागरिकलाई केन्द्रविन्दुमा राख्न मुलुकको स्तर उन्नति गरी सुशासनका माध्यमबाट जनताको जीवनस्तर अभिवृद्धि गर्न र दिगो संवैधानिक राज्य व्यवस्थामा मुलुकलाई रूपान्तरण गर्न राज्यका काम कारवाही र सार्वजनिक प्रशासनमा प्रभावकारी व्यवस्थापन आवश्यक भएकोले यस प्रतिवेदनमा समावेश गरिएका सुझावहरूलाई कार्यान्वयन गर्ने तत्परता देखाउन सकेमा भावी पुस्ताको निम्ति बलियो राज्य व्यवस्था निर्माण गर्नमा सहयोग पुग्ने विश्वासका साथ प्रतिवेदनका सुझावहरू कार्यान्वयनका निम्ति सम्माननीय प्रधानमन्त्रीमार्फत नेपाल सरकारसमक्ष समितिको तर्फबाट हार्दिक अनुरोध गर्दछु । धन्यवाद् !

२०७० चैत्र २०

(काशीराज दाहाल)
अध्यक्ष
प्रशासन सुधार सुझाव समिति
२०७०